apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: २०६ ● पृष्ठ: ४ ● २७ साउन २०८३ बुधबार (12 August 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सिरहामा डीएपी मलको कोटा बाँडफाँडमाथि प्रदेश सरकारको प्रश्न


### केही सहकारीलाई अत्यधिक मल बाँडिएको भन्दै स्पष्ट आधार मागियो, निर्णयको प्रमाणित प्रतिलिपि उपलब्ध गराउन निर्देशन

**शुभ नारायण कामती**
सिरहा, साउन २६ गते

सिरहा नगरपालिकामा वितरणका लागि आएको रासायनिक मलको कोटा बाँडफाँडप्रति मधेश प्रदेश सरकारले प्रश्न उठाउँदै त्यसको आधार र निर्णय प्रक्रियाबारे स्पष्ट राय मागेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयअन्तर्गतको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखाले सिरहा नगरपालिकालाई पत्र पठाउँदै केही सहकारीलाई अत्यधिक परिमाणमा मल बाँडफाँड भएको देखिएकाले कोटा निर्धारणको आधार स्पष्ट गर्न निर्देशन दिएको हो।

मन्त्रालयका प्रदेश सचिव डा. सञ्जयकुमार यादवले २२ साउनमा सिरहा नगरपालिका कृषि विकास शाखालाई पत्र पठाउँदै स्थानीय समितिले गरेको रासायनिक मलको बाँडफाँडसम्बन्धी निर्णयको प्रमाणित प्रतिलिपिसमेत उपलब्ध गराउन भनेका छन्।





मधेश प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल
(खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा)

प.सं. :-०८३।०८४
च.नं. :- १२३

फोन : ०४१-४२६१०५
फ्याक्स: ०४१-४२६१०५
Email: fsdmolmac.p2@gmail

मिति: २०८३/०४/२२

श्री सिरहा नगरपालिका (कृषि विकास शाखा)
सिरहा, मधेश प्रदेश।

विषय: राय सम्बन्धमा।

प्रस्तुत विषयमा "अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२" (दोस्रो संशोधन) को दफा २३ द्वारा गठित प्रदेश समितिको मिति २०८३/०४/११ को निर्णय तथा श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड शाखा कार्यालय, लहान, सिरहाको प.सं. २०८३/८४, च.नं. ८ मिति २०८३/०४/१५ गतेको पत्रानुसार वितरण सिफारिस गर्नु भनि तहाँ नगरपालिकालाई प्राप्त भएको २,६४० बोरा (१३२ मे.टन) डि.ए.पि मलखादलाई तहाँ नगरपालिकाको च.नं. १५९, मिति २०८३/०४/१८ गते तथा च.नं. १८६, मिति २०८३/०४/१९ गते को पत्रानुसार फरक-फरक बाँडफाड भएको भनि श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड शाखा कार्यालय लहानको च.नं.१४ मिति: २०८३/०४/२२ गतेको प्राप्त पत्रानुसार जानकारी र निर्देशन माग भएको तथा उक्त बाँडफाडमा निश्चित सहकारीहरुलाई अत्यधिक मल बाँडफाड भएकोले के-कस्तो आधारमा कोटा निर्धारण भएको हो सो विषयमा स्पष्ट राय उपलब्ध गराईदिनुहुन अनुरोध छ। साथै स्थानीय समितिको उक्त रासायनिक मलको बाँडफाड भएको निर्णयको प्रमाणित प्रतिलिपि समेत मिति २०८३/०४/२५ गते कार्यालय समय भित्र उपलब्ध गराईदिनुहुन अनुरोध छ।

डा. सञ्जय कुमार यादव
प्रदेश सचिव

बोधार्थ:
१. माननिय मन्त्रिज्यूको सचिवालय, भू.व्य.कृ.स.म: सादर अवगार्थ।
२. श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार: जानकारीका लागि।
३. श्री कृषि विकास निर्देशनालय, नक्टाझीज, धनुषा: जानकारीका लागि।
४. श्री जिल्ला प्रशासन कार्यालय, सिरहा: जानकारीका लागि।
५. श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, प्रादेशिक कार्यालय, विरगंज: जानकारीका लागि।
६. श्री कृषि ज्ञान केन्द्र, सिरहा: जानकारीका लागि।
७. श्री साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड, शाखा कार्यालय लहान: जानकारि तथा अर्को पत्रचार नभए सम्मको लागि सिरहा न.पा.को मल वितरण यथावत राख्ने।

मन्त्रालयका अनुसार 'अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि, २०८२' को दोस्रो संशोधनअन्तर्गत दफा २३ बमोजिम गठित प्रदेश समितिको ११ साउनको निर्णय तथा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, शाखा कार्यालय लहानको १५ साउनको पत्रअनुसार सिरहा नगरपालिकालाई २ हजार ६

बाँकी पृष्ठ ३ ▶▶

## प्रधानमन्त्रीको ड्रेसलाइ लिएर एमालेले फेरि उठायो प्रश्न

**अपन दैनिक संवाददाता**
सिरहा, साउन २६ गते

प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)ले प्रयोग गर्ने ड्रेसलाइ लिएर नेकपा एमालेले फेरि प्रश्न उठाएको छ।

सोमबार प्रतिनिधिसभामा ढ्याप-ढ्याप गरेर सभामुखसँग समय लिएर पार्टीका तर्फबाट बोल्दै एमालेका सांसद चन्द्रेश्वर मण्डलले प्रधानमन्त्रीको ड्रेसलाइ लिएर प्रश्न उठाएका हुन्।

'प्रधानमन्त्री संसद्मा राष्ट्रिय पोशाकमा दखिनुभएको छैन । सँधै कालो पाइन्ट, कालो कोट, कालो ज्याकेट, कालो चस्मामा आउनुभएको छ' उनले भने, 'यसले संसद्को गरिमालाई घटाएको छ ।'

यसअघि २८ वैशाख २०८३ मा प्रधानमन्त्री बालेन शाहको पोशाकलाई लिएर एमालेका सांसद गुरुप्रसाद बरालले प्रश्न उठाएका थिए ।

संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने



कार्यक्रममा प्रधानमन्त्री बालेन राष्ट्रिय पोशाकमा उपस्थित नभएको भनेर उनले त्यसदिन प्रश्न उठाएका हुन् ।

'प्रधानमन्त्रीज्यूले दुइटा राष्ट्रिय महत्वका बैठकहरू, संयुक्त सदनमा राष्ट्रिय पोशाकको परिपालना गर्नुपर्ने हो कि होइन ?' उनले प्रश्न गरेका थिए ।

चलन त्यसै नचल्ने र चलाएपछि चलन चल्ने भन्दै उनले थपेका थिए, 'हामीहरूले कस्तो चलन चलाउने हो यो देशमा ? म सभामुखमार्फत यस विषयमा रुलिङको माग गर्दछु ।'

## विवादमा सप्तरी प्रहरी-एसपीमाथि प्रदेशको छानबिन, एसपीको शंका इप्रकामाथि

**अपन दैनिक संवाददाता**
सिरहा, साउन २६ गते

सप्तरीको बोदेबरसाईनमा सामान सहित पक्राउ परेका तस्कर शंकास्पद तवरले छुटेपछि जिल्लाका एसपी रूपक खड्का विवादित बनेका छन्।

गत साउन १८ गते बोदेबरसाइन नगरपालिका वडा नं. ५ नजिकै भारतीय सीमावर्ती भन्सारबाट छली गरेर नेपालतर्फ ल्याइएको सामान र मोटरसाइकल स्थानीय केही युवाले नियन्त्रणमा लिएका थिए । उनीहरूले इलाका प्रहरी कार्यालयको बोदेबरसाइनलाई बुझाए ।

सोही दिन स्थानीयले लखेटेर फरार भएका भरिया सुनिल मण्डल र पक्राउ परेको मोटरसाइकल छुटाउन मुख्य कारोबारी देव यादव इलाका प्रहरीमा पुगेका थिए । फरार भरिया र छुटाउन पुगेका यादवलाई प्रहरीले तत्कालै नियन्त्रण लियो ।

बरामद भएको घटनामा इलाका प्रहरी कार्यालय बोदेबरसाइनले घटनाको वास्तविक विवरण लुकाई प्रहरी प्रमुखको आदेशमा समान सहित




पक्राउ परेका मण्डल र यादवलाई रातिको समयमा छाडियो ।

प्रहरी स्रोतका अनुसार घटनाको वास्तविकता विवरण भन्दा फरक रूपले फरक मुचुल्का तयार पारी प्रहरीले स्वयंले विवरण सार्वजनिक गरेको छ ।

घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका व्यक्तिलाई प्रहरीले कार्यालयबाटै एसपीकै निर्देशनमा छाडिएको उजुरी जनकपुरधामस्थित प्रदेश प्रहरी कार्यालयमा पुगेको छ । उक्त कुरा पक्राउ परेका कारोबारी र उनको सामान बोक्ने भरियाले स्वीकार गरेका छन् ।

प्रदेश प्रहरी कार्यालयस्रोतका अनुसार सोही घटनाका विषयमा अहिले एसपी खड्कामाथि आन्तरिक रूपमा छानबिन भइरहेको छ । प्रदेश प्रहरी कार्यालयका सहप्रवक्ता एसपी भेषराज रिजालले उक्त विषय जानकारीमा आइसकेको बताए ।

अपन दैनिकलाई प्राप्त भएको सो अडियो भरिया र कारोबारी स्वयंले आफूहरू पक्राउ परेको र एसपी सापकै निर्देशनमा इलाकाले छोडेको भनेका छन्। अपन दैनिकसँगको कुराकानीमा पक्राउ परेको भरियालाई छुटाउने क्रममा कारोबारी यादव समेत पक्राउ

बाँकी पृष्ठ ४ ▶▶

## सुनसरी र सिरहा प्रदर्शनमा मृत्यु भएका चार जनालाई सहिद घोषणा गर्ने मन्त्रिपरिषदको निर्णय

**अपन दैनिक संवाददाता**
सिरहा, साउन २६ गते

सरकारले सुनसरी र सिरहामा भएका प्रदर्शनका क्रममा मृत्यु भएका ४ जनालाई सहिद घोषणा गरेको छ ।

मंगलबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद बैठकले 'प्रदर्शनको क्रममा मृत्यु भएका मृतक व्यक्तिहरू सुनसरी जिल्लाका ओमप्रकाश मेहता, जय प्रकाश मेहता, रविन्द्रकुमार मेहता र सिरहा जिल्लाका गनेशकुमार यादवलाई सहिद घोषणा गर्ने' निर्णय भएको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।

साथै नेपालभित्र पैठारी वा उत्पादन हुने विद्युतबाट सञ्चालन हुने एम्बुलेन्स र शव वाहनमा लाग्ने स्वच्छ पूर्वाधार लगानी शुल्क र मूल्य अभिवृद्धि करमा



पूर्ण रूपमा छुट प्रदान गर्ने निर्णय पनि भएको छ ।

पोर्चुगल सरकारलाई काठमाडौंमा कन्सुलर कार्यालय (कन्सुलर अफिस) खोल्न सहमति दिने निर्णय पनि भएको उनले बताए ।

वैदेशिक रोजगार बोर्डको कार्यकारी निर्देशक पदमा निर्मल कुमार उप्रेतीलाई नियुक्त गर्ने र पूर्वमहालेखापरीक्षक टंकमणि शर्मा दङ्गालको संयोजकत्वमा गठित एनसेलको सेयर खरिद बिक्रीसम्बन्धी अध्ययन तथा छानबिन प्रतिवेदन, २०८० सार्वजनिक गर्ने निर्णय भएको उनको भनाइ छ ।

## गोलबजारमा सद्भाव ऱ्याली, तनावपछि मुस्लिम समुदायका पसल खुले




**अपन दैनिक संवाददाता**
सिरहा, साउन २६ गते

पछिल्लो समय तनावग्रस्त बनेको सिरहाको गोलबजारमा सामाजिक सद्भाव र आपसी भाइचारा कायम गर्ने उद्देश्यले मंगलबार बिहान सद्भाव ऱ्याली निकालिएको छ । ऱ्यालीसँगै आन्दोलनपछि बन्द रहेका मुस्लिम समुदायका पसलसमेत सञ्चालनमा आएका छन् ।

नागरिक समाज गोलबजारको अगुवाइमा निकालिएको ऱ्यालीले बजार क्षेत्रको परिक्रमा गरेको

बाँकी पृष्ठ ३ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# निगरानीविनाका सुधार केन्द्र

### मधेशका सुधार केन्द्रमा मृत्युका घटना दोहोरिइरहँदा स्वास्थ्य सेवा मापदण्ड कार्यान्वयन र सरकारी अनुगमनको प्रभावकारिताबारे प्रश्न

**वीरेन्द्र रमण**

लागुऔषध र मदिराको कुलतबाट छुटकारा दिलाउने आशामा परिवारले सुधार केन्द्रमा पुऱ्याएका व्यक्तिको त्यहीँ शंकास्पद मृत्यु हुने घटना दोहोरिन थालेको छ। पछिल्लो घटना धनुषाको धारापानीस्थित शुभेच्छा फाउन्डेसन तथा सुधार केन्द्रमा भएको छ।

गणेशमान चारनाथ नगरपालिका-४ का ४० वर्षीय मोजिबुल राईनलाई परिवारले मदिराको लतबाट छुटकारा दिलाउन २० साउन उक्त केन्द्रमा भर्ना गरेको थियो। तीन दिनपछि उनको मृत्यु भयो।




राईनको शरीरमा चोटपटक र नीलडाम देखिएको भन्दै परिवारले सुधार केन्द्रमा कुटपिट भएको आशंका गरेको छ। प्रहरीले पनि शरीरका विभिन्न भागमा चोटका संकेत देखिएको जनाएको छ। तर, मृत्युको कारण पोस्टमार्टम रिपोर्ट नआएसम्म यकिन नहुने प्रहरीले बताएको छ।

मृतककी आमा बतुला खातुनका अनुसार २४ साउन साँझ करिब ६ बजे राईनलाई जनकपुरस्थित प्रादेशिक अस्पतालको आकस्मिक कक्षमा पुऱ्याइएको थियो। तर, त्यसबारे परिवारलाई जानकारी दिइएको थिएन। राति करिब ९ बजे छिमेकी रामबाबुले अस्पतालमा रहेको शव पहिचान गरेपछि मात्रै परिवारले घटनाबारे थाहा पाएको खातुनले बताइन्।

उनले केही व्यक्तिले अस्पतालमा शव छाडेर गएको दृश्य सीसीटीभी फुटेजमा देखिएको दाबीसमेत गरेकी छन्। सुधार केन्द्रका सञ्चालकले परिवारलाई घटनाबारे जानकारी नदिएको उनको आरोप छ। राईनलाई साँझ करिब ६ बजे अस्पताल पुऱ्याइएपछि चिकित्सकले उनलाई मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका डीएसपी मधुसूदन न्यौपानेले पुष्टि गरेका छन्। "शरीरका विभिन्न भागमा नीलडाम र चोटपटकका संकेत देखिएका छन्। कुटपिट भएको हुन सक्ने आशंका छ," न्यौपाने भन्छन्, "तर मृत्युको वास्तविक कारण पोस्टमार्टम रिपोर्टपछि मात्रै खुल्छ।"

प्रहरीले अनुसन्धानका लागि सुधार केन्द्रका सञ्चालकसहित केही व्यक्तिलाई नियन्त्रणमा लिएको जनाएको छ।

**यसअघि पनि शंकास्पद मृत्यु**

मधेशका सुधार केन्द्रमा मृत्यु भएको यो पहिलो घटना होइन। ८ फागुन २०८१ मा जनकपुरधामको एक सुधार केन्द्रमा धनुषाको गणेशमान चारनाथ नगरपालिका-१० डुमरियाका २० वर्षीय राजकुमार यादवको मृत्यु भएको थियो।

परिवारले उनलाई त्यसको करिब दुई महिनाअघि जनकपुरधाम उपमहानगरपालिका-१९ बेंगाशिवपुर स्थित किशोर फाउन्डेसन सुधार केन्द्रमा राखेको थियो। केन्द्रमा रहँदा श्वासप्रश्वासमा समस्या देखिएपछि अस्पताल लगिएको र उपचारका क्रममा मृत्यु भएको विवरण सार्वजनिक भएको थियो।

त्यसअघि २ फागुन २०८१ मा बाराको कलैया उपमहानगरपालिका-१ बैंक रोडमा रहेको नव जन्म सुधार केन्द्रमा कलैया उपमहानगरपालिका-९ रामपुर बस्ने ३२ वर्षीय धीरेन्द्र महतोको मृत्यु भएको थियो। कुटपिटबाट उनको मृत्यु भएको आरोपमा प्रहरीले सात जनालाई पक्राउ गरेको थियो।

सुधार केन्द्रमा हुने यस्ता मृत्युको वास्तविक संख्या भने सरकारी निकायसँग छैन।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकालले सुधार केन्द्रमा हुने मृत्युको छुट्टै अभिलेख प्रहरीसँग नभएको जानकारी दिएका छन्। "सुधार केन्द्रमा हुने मृत्युको हामी छुट्टै लगत राख्दैनौँ," उनी भन्छन्, "त्यसैले अहिलेसम्म कति जनाको मृत्यु भयो भनेर यकिन संख्या भन्न सकिँदैन।"

मृत्युका घटना सार्वजनिक हुँदा परिवारले सुधार केन्द्रमा यातना वा कुटपिट भएको आरोप लगाउने गरेका छन्। तर, घटनाको केही समयपछि विवाद सेलाउने र केन्द्रहरू पुरानै ढंगले सञ्चालन भइरहने गरेको मानवअधिकारकर्मी बताउँछन्।

**मधेशमा करिब ४० सुधार केन्द्र**

खुला सीमासँगै लागुऔषधको सहज उपलब्धता मधेशका लागि चुनौती बनेको छ। लागुऔषध प्रयोगकर्ताको संख्या बढेसँगै प्रदेशमा पुनःस्थापना तथा सुधार केन्द्र पनि विस्तार भएका छन्।

गृह मन्त्रालयका अनुसार मधेश प्रदेशमा करिब ४० वटा सुधार केन्द्र दर्ता छन्।

मन्त्रालयकी सूचना अधिकारी रमा आचार्य सुवेदीले उपलब्ध गराएको विवरणअनुसार पर्सामा सबैभन्दा बढी नौ वटा सुधार केन्द्र छन्। बारामा सात, धनुषामा ६, सिरहा र सर्लाहीमा पाँच पाँच, महोत्तरीमा चार, रौतहटमा तीन र सप्तरीमा एउटा केन्द्र दर्ता छ। सप्तरीको केन्द्र भने हाल सञ्चालनमा छैन। सञ्चालनमा रहेका ३९ केन्द्रमा हाल करिब ८८३ जना सेवा लिइरहेका छन्।

सिरहाका पाँच केन्द्रमा ११५, धनुषाका ६ केन्द्रमा १५८, महोत्तरीका चार केन्द्रमा ६३, सर्लाहीका पाँच केन्द्रमा १९३, रौतहटका तीन केन्द्रमा २२, बाराका सात केन्द्रमा ९६ र पर्साका नौ केन्द्रमा २३६ जना रहेको मन्त्रालयको तथ्यांक छ।

सेवा लिन आउने र केन्द्रबाट फर्किने क्रम चलिरहने भएकाले यो संख्या निरन्तर परिवर्तन हुने मन्त्रालयले जनाएको छ।

**मापदण्डमा के छ ?**

'लागुऔषध प्रयोगकर्ताहरूका लागि उपचार तथा पुनःस्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५' ले सुधार केन्द्र सञ्चालनका लागि निश्चित मापदण्ड तोकेको छ। निर्देशिकाअनुसार केन्द्र सञ्चालनको मान्यता गृह मन्त्रालयले दिन्छ। केन्द्र स्वच्छ र शान्त वातावरणमा तथा आकस्मिक उपचारका लागि अस्पताल वा स्वास्थ्य संस्था सहज पहुँचमा हुने स्थानमा हुनुपर्छ। काठमाडौँ उपत्यकाभित्र कम्तीमा एक रोपनी र अन्य स्थानमा कम्तीमा तीन रोपनी जग्गा हुनुपर्ने व्यवस्था छ।

केन्द्रमा योग तथा ध्यान कक्ष, कक्षाकोठा, व्यायाम कक्ष, सुत्ने कोठा, भान्सा, कार्यालय, पुस्तकालय, पर्याप्त स्नानगृह र शौचालय तथा उपचार कक्ष हुनुपर्छ। कम्तीमा ३० जना बस्न मिल्ने पक्की भवन, पर्याप्त प्रकाश र हावा, छुट्टाछुट्टै ओछ्यान तथा चौबीसै घण्टा पानी र बिजुलीको सुविधा पनि मापदण्डमा समेटिएको छ।

त्यस्तै, पौष्टिक आहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने तथा उपचारका लागि चिकित्सक, स्वास्थ्यकर्मी, मनोचिकित्सक र आवश्यक विज्ञको सेवा उपलब्ध हुनुपर्ने निर्देशिकामा उल्लेख छ।

तर, यी मापदण्ड कति केन्द्रमा पूर्ण रूपमा कार्यान्वयन भएका छन् भन्ने प्रश्न उठिरहेको छ।

**अनुगमन फितलो भएको आरोप**

सुधार केन्द्रको नियमित अनुगमनको जिम्मेवारी पाएका निकायले आवश्यक सक्रियता नदेखाएको मानवअधिकारकर्मीको आरोप छ।

मानवअधिकार संस्था इन्सेकका मधेश प्रदेश संयोजक राजु पासमान सुधार केन्द्रमा यातनाका गुनासा पटक पटक बाहिर आइरहेकाले प्रभावकारी अनुगमन आवश्यक रहेको बताउँछन्। "केन्द्र सुधार केन्द्र जस्तै हुनुपर्छ, यातनागृह जस्तो होइन," उनी भन्छन्, "हामी पनि अनुगमन गरेर जिम्मेवार निकायलाई जवाफदेह बनाउने प्रयास गर्छौं।"

स्पर्श नेपालद्वारा सञ्चालित सुधार केन्द्रका सञ्चालक नवीन मल्लिक भने निर्देशिकाले उपचारदेखि भौतिक पूर्वाधारसम्मका व्यवस्था स्पष्ट रूपमा तोकेको बताउँछन्। "मापदण्डअनुसार केन्द्र सञ्चालन गर्ने हो भने यातनाको प्रश्न नै आउँदैन," उनी भन्छन्, "तर केही व्यक्तिको गलत कामका कारण सबै सुधार केन्द्रलाई शंकाको दृष्टिले हेर्ने अवस्था बनेको छ।"

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल जिल्ला प्रशासन कार्यालयले समय समयमा सुधार केन्द्रको अनुगमन गर्दै आएको बताउँछन्। अनुगमनका क्रममा सेवाग्राहीबाट यातनासम्बन्धी उजुरी नआएकाले सञ्चालकलाई कारबाही गर्ने अवस्था नदेखिएको उनको भनाइ छ। "हामीले सञ्चालकहरूसँग बसेर सुधारका लागि आवश्यक सुझाव दिँदै आएका छौँ," उनी भन्छन्, "अब अनुगमनलाई अझ कडाइका साथ अघि बढाउँछौँ।"

## सम्पादकीय...

### कालो चश्मा भन्दा राज्यको नजर फेरिनुपर्छ

संघीय संसदमा पछिल्लो समय 'कालो चश्मा' एउटा सामान्य पहिरनको विषयबाट राजनीतिक बहसको विषय बनेको छ। प्रधानमन्त्री बालेन शाहले संसदमा कालो चश्मा लगाएर उपस्थित हुने गरेको प्रसंगलाई लिएर सांसद मनिष झाले टिप्पणी गरेपछि सुरु भएको बहसमा सभामुख डोलप्रसाद अर्यालसमेत संसदभित्र कालो चश्माको प्रयोगप्रति असहज देखिएका छन्। तर, यो बहसलाई केवल संसदको मर्यादा, पोसाक वा व्यक्तिगत रुचिको सीमित प्रश्नमा राख्नु यसको गहिरो राजनीतिक अर्थलाई नजरअन्दाज गर्नु हो। रास्वपाका मधेश प्रदेशका सांसद शिव यादवले यही प्रसंगलाई फरक कोणबाट उठाएका छन्। समस्या कालो चश्मामा होइन, राज्य र समाजले नागरिकलाई हेर्ने दृष्टिमा छ। त्यही तर्क अहिले नेपालको लोकतान्त्रिक बहसका लागि अझ महत्वपूर्ण बनेको छ। कालो चश्माले आँखालाई ढाक्छ, तर राज्यको विभेदकारी दृष्टिले नागरिकको अवसर, सम्मान, अधिकार र भविष्य नै ढाक्न सक्छ। कुनै व्यक्तिले कालो चश्मा लगायो कि लगाएन भन्ने विषय क्षणिक बहस हुन सक्छ, तर मधेशी, दलित, गरिब, विपन्न, सीमान्तीकृत तथा राज्यको मूलधारबाट लामो समयदेखि पछाडि पारिएका समुदायप्रति राज्यको व्यवहार कस्तो छ भन्ने प्रश्न गम्भीर र स्थायी हो।

नेपालले राजनीतिक परिवर्तनका अनेक चरण पार गरेको छ। संविधानले समानता, सामाजिक न्याय, समावेशिता र विभेदविरुद्धको अधिकारलाई सुनिश्चित गरेको छ। तर संविधानका अक्षर र नागरिकको दैनिक जीवनबीच अझै ठूलो दूरी छ। समानताको संवैधानिक वाचा व्यवहारमा कति पुगेको छ ? राज्यका निकायमा सबै समुदायको समान पहुँच छ ? शिक्षा, स्वास्थ्य, रोजगारी, प्रशासन, न्याय र आर्थिक अवसरमा पछाडि पारिएका समुदायले वास्तवमै समान अवसर पाएका छन् ? यी प्रश्नको उत्तर खोज्नु संसदको प्राथमिक दायित्व हुनुपर्छ। मधेशी नागरिकले राज्यसँग समान व्यवहारको माग गरेको इतिहास लामो छ। दलित समुदायले पुस्तौँदेखि भोग्दै आएको सामाजिक तथा संरचनागत विभेद आज पनि पूर्ण रूपमा अन्त्य भएको छैन्। गरिब र विपन्न नागरिकका लागि राज्यका सेवा र अवसर अझै सहज छैनन्। सीमान्तीकृत समुदायको आवाज नीति निर्माणको केन्द्रमा पुग्न सकेको छैन्। यस्तो अवस्थामा संसदमा कसले कुन रङको चश्मा लगायो भन्ने प्रश्नभन्दा राज्यले कुन दृष्टिले आफ्ना नागरिकलाई हेर्छ भन्ने प्रश्न धेरै महत्वपूर्ण हुन्छ।

संसद जनताको सार्वभौम प्रतिनिधित्व गर्ने संस्था हो। त्यसैले संसदमा हुने बहसले समाजलाई कस्तो सन्देश दिन्छ भन्ने कुरामा पनि गम्भीरता आवश्यक छ। व्यक्तिगत पहिरन, शैली वा अभिव्यक्तिमाथि बहस गर्नु स्वाभाविक हुन सक्छ, तर त्यस्ता विषयले राज्यका वास्तविक समस्या छायामा पार्नु हुँदैन्। लोकतन्त्रको सुन्दरता नागरिकले लगाएको चश्माको रङमा होइन, राज्यले नागरिकप्रति अपनाउने व्यवहारको समानतामा देखिनुपर्छ। सभामुखको भूमिकासमेत यही सन्दर्भमा महत्वपूर्ण हुन्छ। संसदको मर्यादा कायम गर्नु आवश्यक छ, तर मर्यादाको व्याख्या गर्दा लोकतान्त्रिक विविधता, व्यक्तिगत स्वतन्त्रता र राजनीतिक अभिव्यक्तिको सीमालाई पनि सन्तुलित ढंगले बुझ्नुपर्छ। संसदमा कालो चश्मा लगाउने वा नलगाउने विषयमा नियम र मर्यादाको बहस भइरहँदा संसदले गरिबको खाली भान्सा, दलितमाथिको विभेद, मधेशको असमान विकास, सीमान्तीकृत नागरिकको अवसरहीनता र राज्यका सेवामा रहेको असमान पहुँचमाथि पनि त्यत्तिकै गम्भीर बहस गर्नुपर्छ। सांसद शिव यादवले उठाएको विषयको महत्व यहीँ छ। उनले बहसलाई व्यक्तिको चश्माबाट नागरिकप्रतिको राज्यको दृष्टिकोणतर्फ मोड्ने प्रयास गरेका छन्। यो दृष्टिकोणलाई राजनीतिक दल वा व्यक्तिविशेषको समर्थन वा विरोधको साँघुरो घेरामा सीमित गर्नु हुँदैन। बरु संघीय संसदले यसलाई नीतिगत बहसमा रूपान्तरण गर्नुपर्छ।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**

**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**

**फोन नं. ०३३-५२०७१४**

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

## आजको राशिफल

**मेष :** आज नयाँ कामको सुरुवात गर्ने राम्रो दिन हो। परिवारसँगको सम्बन्ध झनै मजबुत बन्नेछ।

**बृष :** परिश्रमको राम्रो फल प्राप्त हुने दिन हो। पुराना समस्या समाधान हुने संकेत देखिन्छ।

**मिथुन :** आज बोलिचालीमा संयमता आवश्यक देखिन्छ। काममा ध्यान केन्द्रित गर्न सके प्रगति हुनेछ।

**कर्कट :** भावनात्मक पक्ष बलियो रहने दिन हो। परिवारको साथले मन खुसी हुनेछ।

**सिंह :** आज नेतृत्व क्षमताको प्रशंसा हुनेछ। काममा उत्साह र जोश बढ्नेछ। आर्थिक लाभको सम्भावना देखिन्छ।

**कन्या :** आज योजनाबद्ध काम सफल हुने दिन हो। सानो कुरामा धेरै चिन्ता नगर्नु राम्रो हुन्छ।

**तुला :** आज सम्बन्धमा सन्तुलन कायम रहनेछ। कुनै महत्वपूर्ण निर्णय लिनुपर्ने अवस्था आउन सक्छ।

**वृश्चिक :** आज गोप्य कुरा बाहिर नल्याउनु राम्रो हुन्छ। परिश्रमअनुसार प्रतिफल ढिलो भए पनि प्राप्त हुनेछ।

**धनु :** आज नयाँ अवसर प्राप्त हुने सम्भावना छ। यात्राबाट लाभ मिल्न सक्छ। मन सकारात्मक रहनेछ।

**मकर :** आज जिम्मेवारी बढ्ने दिन हो। काममा अनुशासन आवश्यक देखिन्छ। आर्थिक लाभ क्रमशः बढ्नेछ।

**कुम्भ :** आज नयाँ सोच र योजना जन्मिने दिन हो। साथीभाइसँग सहकार्य राम्रो हुनेछ।

**मीन :** आज मन शान्त र स्थिर रहनेछ। धार्मिक वा सामाजिक काममा मन जानेछ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**

**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# बजेट पेस हुन नसकेका कमला, गरुडा, फतुवा, विजयपुर र मौलापुरसँग छलफल गरिने

अपन दैनिक संवाददाता
सिरहा, साउन २६ गते

बजेट पेस हुन नसकेका मधेश प्रदेशका क्रमश: कमला, गरुडा, फतुवा, विजयपुर र मौलापुर नगरपालिकाको सम्बन्धमा छलफल गरिने भएको छ।




चालु आर्थिक वर्ष २०८३/०८४ का लागि उक्त पालिकाको सभामा बजेट पेस हुन नसकेपछि त्यहाँका स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग प्रत्यक्ष छलफल सुरु हुन थालेको हो। भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन

बाँकी पृष्ठ ४ ▶▶

## सिरहामा डीएपी मलको कोटा बाँडफाँडमाथि प्रदेश सरकारको .............

सय ४० बोरा अर्थात् १३२ मेट्रिक टन डीएपी मल वितरणका लागि सिफारिस गरिएको थियो।

तर, सिरहा नगरपालिकाले १८ साउनमा कृषि विकास शाखाका शाखा अधिकृत राम चलितर यादवको हस्ताक्षर तथा १९ साउनमा नगरप्रमुख डा. नवीनकुमार यादवको सिफारिसमा छुट्टाछुट्टै पत्रमार्फत उक्त मलको फरक-फरक बाँडफाँड गरेको विवरण प्राप्त भएपछि साल्ट ट्रेडिङ कर्पोरेशनको लहान शाखाले २२ साउनमा प्रदेश मन्त्रालयसँग यसबारे राय तथा निर्देशन मागेको थियो।

सोही पत्रका आधारमा मन्त्रालयले नगरपालिकासँग कोटा निर्धारणको आधार मागेको हो। केही निश्चित सहकारीलाई अत्यधिक परिमाणमा मल बाँडफाँड भएको देखिएकाले कुन आधारमा, कसरी र के मापदण्डअनुसार कोटा निर्धारण गरिएको हो भन्ने विषयमा स्पष्ट राय उपलब्ध गराउन मन्त्रालयले नगरपालिकालाई भनेको छ।

मन्त्रालयले स्थानीय समितिले रासायनिक मल बाँडफाँड गर्ने सम्बन्धमा गरेको निर्णयको प्रमाणित प्रतिलिपिसमेत २५ साउनभित्र कार्यालय समयमा उपलब्ध गराउन निर्देशन दिएको थियो। तर, तोकिएको समयभित्र नगरपालिकाबाट मन्त्रालयमा आवश्यक जानकारी नआएको साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड, शाखा कार्यालय लहानका प्रमुख जितेन्द्रकुमार साहले बताए।

"नगरपालिकाबाट माग गरिएको विवरण र स्पष्टता नआएकाले हाललाई सिरहा नगरपालिकालाई मल उपलब्ध नगराउने अवस्था रहेको छ," साहले भने।

**मल वितरणमा थप स्पष्टता आवश्यक**

प्रदेश सरकारको पत्रपछि सिरहा नगरपालिकामा आएको डीएपी मलको कोटा वितरण प्रक्रिया र त्यसको आधारबारे थप स्पष्टता आवश्यक देखिएको छ। मन्त्रालयले कोटा निर्धारणमा प्रयोग गरिएको आधार, मापदण्ड तथा स्थानीय समितिको निर्णयको प्रमाणित विवरण मागेकाले नगरपालिकाको जवाफपछि वितरण प्रक्रियाबारे थप तथ्य सार्वजनिक हुने देखिएको छ।

सरकारले किसानलाई सहुलियत दरमा उपलब्ध गराउने रासायनिक मलको वितरणमा पारदर्शिता, समानुपातिक पहुँच तथा तोकिएको मापदण्ड पालना गर्नुपर्ने व्यवस्था गरेको छ। सोही व्यवस्थाअनुसार मन्त्रालयले सिरहा नगरपालिकाको मल बाँडफाँड प्रक्रियाबारे स्पष्टता मागेको हो।

यसैबीच, मन्त्रालयले साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको लहान शाखालाई अर्को पत्राचार नभएसम्म सिरहा नगरपालिकाको मल वितरणसम्बन्धी व्यवस्था यथावत् राख्न जानकारी गराएको छ।

मन्त्रालयको पत्रको बोधार्थ जिल्ला प्रशासन कार्यालय सिरहा, कृषि ज्ञान केन्द्र सिरहा, कृषि विकास निर्देशनालय नक्टाझीज, कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार तथा साल्ट ट्रेडिङ कर्पोरेशनको प्रादेशिक कार्यालय वीरगञ्जलाई समेत पठाइएको छ।

अब सिरहा नगरपालिकाले स्थानीय समितिको निर्णय, कोटा निर्धारणको आधार तथा सम्बन्धित सहकारीलाई छुट्याइएको मलको परिमाणसहितको विवरण मन्त्रालयमा पेश गरेपछि डीएपी मलको कोटा बाँडफाँडसम्बन्धी विवादको वास्तविक अवस्था स्पष्ट हुने अपेक्षा गरिएको छ।

## गोलबजारमा सद्भाव र्‍याली, तनावपछि ............

थियो। र्‍यालीमा विभिन्न समुदायका स्थानीयवासी, नागरिक समाजका प्रतिनिधि, व्यवसायी तथा स्थानीय अगुवाहरू सहभागी थिए।

र्‍यालीमा सहभागीहरूले सबै समुदायलाई संयमित रहन, अफवाहको पछि नलाग्न तथा आपसी सद्भाव र सामाजिक एकता कायम गर्न आग्रह गरेका थिए। उनीहरूले विगतका घटनाबाट पाठ सिक्दै आगामी दिनमा शान्ति, सहकार्य र भाइचारालाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए।

यसैबीच, आन्दोलनपछि शान्ति-सुरक्षाको माग गर्दै बन्द रहेका मुस्लिम समुदायका पसल मंगलबारदेखि सञ्चालनमा आएका छन्। उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहका अनुसार बजारको अवस्था क्रमश: सामान्य बन्दै गएपछि मुस्लिम समुदायका व्यवसायीहरूले पनि पसल सञ्चालनमा ल्याएका हुन्।

सुनसरीको देवानगञ्ज गाउँपालिका-कप्तानगञ्जमा दुई समूहबीच भएको विवादपछि उत्पन्न तनावको प्रभाव गोलबजारमा समेत परेको थियो। त्यस क्रममा भएको आन्दोलन उग्र बनेपछि गोली लागेर १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। घटनापछि गोलबजारमा तोडफोड, आगजनी र लुटपाटका घटना भएका थिए।

स्थानीय व्यवसायीका अनुसार आन्दोलनका क्रममा गोलबजारमा करिब ५० करोड रुपैयाँ बराबरको भौतिक तथा व्यापारिक क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ। क्षतिको यकिन विवरण भने सम्बन्धित निकायबाट संकलन भइरहेको छ।

सद्भाव र्‍यालीका क्रममा स्थानीय अगुवाहरूले घटना र त्यसपछिको तनावबाट उत्पन्न सामाजिक दूरी अन्त्य गर्दै सबै समुदायबीच विश्वासको वातावरण निर्माण गर्नुपर्ने बताएका थिए। उनीहरूले कुनै पनि अफवाह, उत्तेजना वा साम्प्रदायिक गतिविधिको पछि नलागी शान्ति, सद्भाव र सहकार्य कायम गर्न सबै पक्षलाई आग्रह गरेका छन्।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय लहान, सिरहाका तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाइ कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति, गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना।

**(सूचना प्रकाशित मिति २०८३/०४/२७ गते बुधबारको अपन राष्ट्रिय दैनिक)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको ऋण कर्जाको किस्ता (सावाँ, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८१/०९/०९ गते मंगलवारको अपन दैनिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता भुक्तान नगर्नु भएको र तोकिएको समयाधि भित्र बोलपत्र समेत प्राप्त हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपशिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ती के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **शाखा कार्यालय लाहान, सिरहा**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३/०५/११ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्ते बैंक खुलेको दिन) **शाखा कार्यालय लाहान, सिरहा**मा दिनको ठीक २:०० (दुई) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्च: यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा व्यक्तिगत जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित चल/अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित चल/अचल जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :**

**ऋणी:** प्रदेश सरकार, प्रदेश-२ उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७७/०६/०९ मा दर्ता भई प्रा.फ.र.न. १२३५५/२०७७/०७८ मा दर्ता भई आन्तरिक राजश्व कार्यालय लाहान, सिराहाबाट मिति २०७७/०६/१८ (मु.अ.कर दर्ता मिति २०७८/०८/०५) मा स्थाई लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र न. ६१३८७३३०३ को प्रमाणपत्र प्राप्त **सेनिथ ट्रेडर्स**।
फर्मको ठेगाना: सिरहा जिल्ला लहान न.पा. वडा नं. १०, लहान।

**प्रोप्राईटर तथा जमानतकर्ता : मोनिका थापा** (ना.प्र.नं. १५२०२१/४७७५, जारी मिति २०६७/१०/१०, ई.प्र.का. लहान, सिरहा)।
स्थाई ठेगाना: सिराहा जिल्ला विष्णपुरकट्टी गा.बि.स. वडा नं. ५।
हालको ठेगाना: सिराहा जिल्ला लहान न.पा. वडा नं. १३।
बाबु : गंभीर बहादुर वलम्पाकी मगर।
पति : अभिशेर कोईराला। ससुरा: निरंजन कुमार कोईराला।

**जमानतकर्ता : अभिशेर कोईराला** (ना.प्र.नं. १५२०२३/२९५२ मिति २०६७/०५/२३, जि.प्र.का सिरहा)।
ठेगाना: सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ (साविक वस्तीपुर गा.बि.स. वडा नं. २)।
बाबु : निरंजन कुमार कोईराला।
बाजे : खडग बहादुर कोईराला।

**जमानतकर्ता: निरंजन कुमार कोईराला** (ना.प्र.नं. ८९८/२५४१, जारी मिति २०४१/०३/१२, जि.प्र.का सिराहा)।
ठेगाना: सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ (साविक वस्तीपुर गा.बि.स. वडा नं. २)।
बाबु : खडग बहादुर। बाजे : धिर बहादुर कोईराला।

**जमानतकर्ता : सुरज कुमार कोईराला** (ना.प्र.नं. १५२००३/१०३८, मिति २०६६/१२/०१, जि.प्र.का सिरहा)।
ठेगाना : सिरहा जिल्ला लहान न.पा. वडा नं. १३ (साविक वस्तीपुर गा.बि.स. वडा नं. २)।
बुवा : निरंजन कुमार कोईराला। बाजे : खडग बहादुर कोईराला।

**जमानतकर्ता : मुना कार्की** (ना.प्र.नं. १४-०१-७४-०४९७७, मिति २०७४/०८/०३, जि.प्र.का उदयपुर)।
स्थाई ठेगाना : उदयपुर जिल्ला त्रियुगा न.पा. वडा नं. ७।
हालको ठेगाना : सिरहा जिल्ला लहान न.पा. वडा नं. १३।
बुवा : निराजन कार्की।
पति : सुरज कुमार कोईराला।
ससुरा : निरंजन कुमार कोईराला।

**लिलाम बिक्री हुने सम्पत्तिको विवरण**
१. **निरंजन कुमार कोईराला**को नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला गोविन्दपुर प्र.ध. गा.बि.स. वडा नं. ३, नक्सा सिट नं. ३ख, स्थित कि.नं. २७ क्षेत्रफल १-१-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...... १
२. ऋणी **सेनिथ ट्रेडर्स फर्म**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .....१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय लहान, सिराहा**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा तथा अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय लहान, सिराहा**मा सम्पर्क राख्न सकिनेछ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७९९०००



# राजकीय सम्मानकासहित डा. विमलको अन्तेष्टि

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २६ गते**



राजकीय सम्मानसहित वरिष्ठ साहित्यकार प्रा.डा. राजेन्द्र विमलको अन्त्येष्टि गरिएको छ। जनकपुरधाम स्थित स्वर्गद्वारीमा डा. विमलको अन्त्येष्टि गरिएको हो। सोमबार राति स्वास्थ्यमा समस्या देखिएपछि साढे ११ बजे उनलाई अस्पताल भर्ना गरिएकोमा गए राति करिब पौने एक बजे मृत्यु भएको थियो।

वरिष्ठ साहित्यकार विमलको अन्त्येष्टिमा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडक राज पौडेल (गणेश), मधेश प्रदेशका प्रदेश प्रमुख डा सुरेन्द्र लाभ कर्ण, सभामुख रामअशिष यादव, श्रम तथा यातायात मन्त्री शारदा देवी थापा, संघीय संसद मनिष झा लगायत सयौंको संख्यामा उपस्थिति थियो।

२००४ सालमा धनुषाको खिरखिरियामा जन्मेका डा. विमल नेपाली, मैथिली र हिन्दीमा स्नातकोत्तर गरेका थिए। उनले भाषा विज्ञान विषयमा पीएचडीको उपाधि समेत प्राप्त गरेका थिए। त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पस राराब क्याम्पस, जनकपुरधाममा नेपाली विभागमा शिक्षण गर्दै अवकाश प्राप्त गरेका उनी कयौं सरकारी तथा गैरसरकारी संघ संस्थाद्वारा पुरस्कृत भएका थिए।

विमल विद्यापति पुरस्कार कोषद्वारा स्थापित नेपाल विद्यापति भाषा, साहित्य पुरस्कार, जगदम्बा श्री सम्मान, राष्ट्रिय प्रतिभा, सिद्धी श्री आदि पुरस्कार प्राप्त गरेका थिए।

# गोलबजारमा शान्ति संवाद कार्यक्रम, सदभावका लागि गाउँ–बस्ती जगाउन जोड

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २६ गते**



सुनसरीको कप्तानगन्जमा भएको घटनाको चार दिनपछि १४ साउनको दिउँसो सिरहाको गोलबजारमा एकजनाको ज्यान जाने गरी हिंसात्मक प्रदर्शन मात्र भएन, स्थानीय समुदायका घर तथा पसल छानी-छानी तोडफोड र आगजनीसमेत भयो।

घटनापछि स्थानीय प्रशासनले लगाएको कर्फ्यु तीन दिनपछि हटेसँगै बिस्तारै जनजीवन सामान्य हुन थालेको छ। तर, आगजनी र तोडफोडको मारमा परेकाहरूले अझै सुरक्षित महसुस गर्न नसकिरहेको सन्दर्भमा सामुदायिक शान्ति र सामाजिक सदभावका लागि स्थानीय अगुवाहरू जुट्न थालेका छन्।

गोलबजार क्षेत्रका हिन्दु, मुस्लिम र बौद्ध धर्मावलम्बी समुदायका अगुवा, व्यापारी प्रतिनिधि तथा सामाजिक अभियन्ताहरूको सहभागितामा सोमबार आयोजित शान्ति र सदभावका लागि शान्ति संवाद कार्यक्रममा गाउँ-बस्ती तहमा सदभावमूलक कार्यक्रमहरू विस्तार गरिनुपर्नेमा जोड दिइएको छ।

वर्षौंदेखि आपसी भाइचारा र सदभावसहित बस्दै आएका स्थानीय समुदायलाई फुटाउँदै धार्मिक सहिष्णुता भड्काएर राजनीतिको रोटी सेक्न गोलबजारमा सुनियोजित षड्यन्त्र गरिएको सहभागीहरूले ठहर गरेका छन्। उनीहरूले स्थानीय सरकार तथा सामाजिक संघसंस्थाको सहकार्यमा सामुदायिक शान्ति र सदभाव कायम गर्न सामुदायिक संवादलाई व्यापकता दिनुपर्ने बताए।

'सामुदायिक शान्ति र सामाजिक सदभावका लागि नागरिक समाज, मानव अधिकारकर्मी, शैक्षिक संस्था र मिडियाको भूमिका सकारात्मक रहनुपर्छ,' उनीहरूले भने, 'विभिन्न जातीय तथा धार्मिक समाजबिच सामाजिक सदभाव, एकता र दिगो शान्ति कायम राख्न स्थानीय तहसँगको सहकार्यमा व्यवस्थित पहल गरिनुपर्छ।'

त्यसका लागि अन्तरधार्मिक सञ्जालमार्फत पहल गर्न सकिने भए पनि चरणबद्ध रूपमा संवाद गरिनुपर्ने उनीहरूले औंल्याए।

नेपालमा समावेशी तथा शान्तिपूर्ण समुदायका लागि सशक्तीकरण परियोजनाअन्तर्गत कुर्वे उष्ट्रोको प्राविधिक सहयोग तथा दलित महिला केन्द्र नेपालको सहयोगमा स्थानीय ज्योति महिला समूहको आयोजनामा भएको संवाद कार्यक्रममा धर्मको आवरणमा गोलबजारमा भएको मानवीय तथा भौतिक क्षतिको कसैले पनि पूर्ति गर्न नसक्ने धारणा व्यक्त गरियो।

गोलबजार घटनापछि सुरक्षाको कारण देखाउँदै स्थानीय व्यापारी, बैंक तथा वित्तीय संस्थाको हुन सक्ने पलायनले गोलबजारको विकास, समृद्धि तथा सामाजिक एकतामा अवरोध पुर्‍याउन सक्ने भएकाले त्यसलाई रोक्न स्थानीय सरकारले पहल गर्नुपर्नेमा सहभागीहरूले जोड दिए।

**'सामाजिक सञ्जालले भड्कायो सदभाव'**

संवाद कार्यक्रममा मधेश प्रदेश सांसद साहिदा खातुनले 'जय श्रीराम', 'अस्सलाम वालेकुम'जस्ता अभिवादनमूलक शब्दले केही नहुने चर्चा गर्दै प्रदर्शनलाई समुदायसँग जोडेर मिडियाकर्मीको नाममा सामाजिक सञ्जालकर्ताहरूले सामाजिक सदभाव भड्काएको आरोप लगाइन्।

'त्यतिवेला जुनसुकै समुदायका भए पनि केही अगुवाहरूलाई मात्र नियन्त्रणमा लिइएको भए प्रदर्शन हिंसात्मक र साम्प्रदायिक हुने थिएन,' उनले भनिन्, 'आफ्नो राजनीतिको रोटी सेक्न भड्काइएको घटनामा संलग्न जोसुकै भए पनि कानुनबमोजिम कारबाही हुनुपर्छ।'

स्थानीय मुस्लिम समुदायका अगुवा मो. मञ्जुर अहमदले मिलेर बसेका धार्मिक सम्प्रदायहरूलाई फुटाउन आन्दोलनको नाममा कलिला बालबालिकाको प्रयोग हुनु दुर्भाग्यपूर्ण रहेको चर्चा गर्दै कर्फ्यु लागिसकेपछि प्रदर्शनकारीहरू तितरबितर भइसकेको समयमा गोली कसले र किन चलायो, त्यसको निष्पक्ष अनुसन्धान हुनुपर्ने माग गरे।

'गोलबजार घटनाको जिम्मेवारी राज्यले लिनुपर्छ,' उनले भने, 'आन्दोलनको नाममा हिन्दु-मुस्लिम दुवै समुदायमाथि अन्याय भएको छ। पीडितलाई न्याय र क्षतिपूर्तिका लागि दबाब दिनुपर्छ।'

कार्यक्रममा गोलबजार ३ र ६ का वडाध्यक्ष क्रमशः धनप्रसाद मोक्तान र सञ्जितकुमार लामा, शिक्षकहरू रामअवतार यादव, अरुणकुमार साह र बेचनप्रसाद साह, राजनीतिकर्मी खिमलक्ष्मी गिरी श्रेष्ठ, जीवन यादव, उमेश बराल, महिला अधिकारकर्मी श्यामकुमारी साह, उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहलगायतले आन्दोलनको नाममा अराजकता मच्चाउने छुट कसैलाई पनि नरहेको चर्चा गर्दै सामाजिक तथा धार्मिक सदभावका लागि स्थानीय सरकार, धार्मिक समूह, राजनीतिक दल तथा सामाजिक संघसंस्था मिलेर अगाडि बढ्नुपर्नेमा जोड दिए।

उनीहरूले प्रायः हरेक घरबाट विद्यालय पढ्न जाने बालबालिकालाई सामाजिक तथा धार्मिक सदभावका विषयमा बुझाउँदै तिनका अभिभावकसम्म पुग्न सकिएको खण्डमा आगामी दिनमा सामाजिक सदभाव बलियो बनाउन सकिने औंल्याए।

गोलबजार घटनापछि पीडित व्यापारीहरूले मधेश प्रहरी कार्यालयले गठन गरेको तीन सदस्यीय छानबिन समिति तथा गृह मन्त्रालयले गठन गरेको उच्चस्तरीय छानबिन समितिसमक्ष आफ्नो समस्या राखिसकेको संघका अध्यक्ष साहले जानकारी दिए। उनका अनुसार गोलबजार क्षेत्रका ५० जना व्यापारीले स्थानीय प्रहरीमा दिएको निवेदनबमोजिम स्थलगत मुचुल्का उठाइएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख प्रहरी उपरीक्षक वासुदेव पाठकले जिल्ला प्रहरीबाट समेत पठाएर स्थानीय प्रहरीमार्फत स्थलगत मुचुल्का उठाई भौतिक तथा आर्थिक क्षतिको प्रारम्भिक विवरण संकलन गरिएको जानकारी दिए। 'मुचुल्कामा उल्लेख गरिएबमोजिमको आर्थिक तथा भौतिक क्षतिको विश्लेषण गर्दैछौं,' उनले भने।






## बजेट पेस हुन नसकेका कमला, गरुडा ...............

मन्त्रालयको सहजीकरणमा हुन लागेको उक्त छलफलको नेतृत्व मन्त्रालयका सहसचिवले गर्नुहुने मन्त्रालयले जनाएको छ।

छलफलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र तथा नेपाल नगरपालिका सङ्घका अध्यक्षलगायतका प्रतिनिधि सहभागी हुने बताइएको छ।

प्रतिनिधिमण्डलले धनुषाको कमला नगरपालिका तथा रौतहटका गरुडा नगरपालिका, फतुवा विजयपुर नगरपालिका र मौलापुर नगरपालिका पुगेर स्थानीय जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालासँग प्रत्यक्ष छलफल गर्नेछ।

स्थानीय तहको बजेट प्रक्रिया अवरुद्ध हुँदा सेवा प्रवाह तथा विकास निर्माणका काम प्रभावित हुने भएकाले समाधानका लागि मन्त्रालयले स्थलगत रूपमा नै सहजीकरण गर्न लागेको हो।

## विवादमा सप्तरी प्रहरी-एसपीमाथि प्रदेशको छानबिन .............

परेको अडियोमा प्रष्ट सुनिन्छ।

घटना बोदेबरसाइन नगरपालिका-५ स्थित बोदेबरसाइन गाउँमा गत १८ गते अपराह्न करिब ३:३० बजे भएको थियो। तर, प्रहरीले घटनाको समय र स्थान फरक उल्लेख गर्दै १९ गते राति १२:३० बजे बोदेबरसाइन नगरपालिका- ५ स्थित शिवचोकबाट नम्बर नखुलेको हिरो कम्पनीको रातो रङको १६० सीसी एक्स्ट्रिम मोटरसाइकल तथा विभिन्न मोबाइलका सामान बरामद गरिएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले २१ गते जारी गरेको प्रेस विज्ञप्तिअनुसार प्रहरी टोलीलाई देख्नेबित्तिकै मोटरसाइकल र बोरा सोही स्थानमा छाडेर तस्कर फरार भएका थिए। प्रहरीले बोराहरू खोली जाँच गर्दा विभिन्न मोबाइलका सामान फेला परेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेले जारी गरेको विज्ञप्तिमा बरामद मोटरसाइकल तथा सामानको अनुमानित मूल्य ३ लाख १२ हजार ३ सय रुपैयाँ रहेको उल्लेख गरेका छन्।

तर स्थानीयले भने सामानसहित एक व्यक्तिलाई पक्राउ गरेर प्रहरीलाई बुझाएको दाबी गरेका छन्। उनीहरूका अनुसार पक्राउ परेका व्यक्तिसहितको घटनालाई बेवारिसे सामान बरामद भएको देखाउने गरी मुचुल्का तयार गरिएको हो।

स्थानीयका अनुसार भारतबाट सामान ल्याउने कार्यमा संलग्न रहेको आरोप लागेका व्यक्तिलाई इलाका प्रहरी कार्यालय बोदेबरसाइनका कार्यालय प्रमुख सई शिवशंकर शर्माले प्रहरी कार्यालयबाटै छाडेका थिए।

स्थानीय सुदी कुमार यादवले घटना दिउँसो भएको दाबी गर्दै प्रहरीले सार्वजनिक गरेको विवरणमा रातिको घटनाजस्तो देखाइएकोप्रति प्रश्न उठाए।

'दिउँसो भएको घटना प्रहरीले कसरी रातिको देखायो भन्नेमा हामी छक्क परेका छौँ,' यादवले भने, 'सर्वसाधारणलाई यसरी गलत विवरण दिएर झुक्याउन मिल्दैन।'

इलाका प्रहरी कार्यालय बोदेबरसाइनका प्रमुख प्रहरी सहायक निरीक्षक शिव शंकर शर्माले आरोपमा कुनै सत्यता नरहेको बताएका छन्। अपन दैनिकको कुरामा आफूहरुले प्रक्रिया पूरा गरेर नै काम गरेको बताएका छन्। उनले उल्टै पत्रकारलाई आरोप लगाउँदै आफूसँग पत्रकारहरूले 'निहुँ मात्रै खोजेको, तथ्यहीन र आरोपबेगरको' भनेका छन्।

बोदेबरसाईन- ५ वडा अध्यक्ष मो. मजिवुर रहमानले उक्त घटनाको विषय आफ्नो जानकारीमै रहेको बताएका छन्। उनले स्थानीय कारोबारीको सामान प्रक्रिने युवाहरूले आफूहरूलाई जानकारी गराएको बताएका छन्। प्रहरीले विवरण र स्थानीय युवाहरूको भनाइ फरक परेको उनले बताए।

जिल्ला प्रहरी कार्यालय सप्तरीका एसपी रूपक खड्काले आफूलाई बेवारिसे अवस्थामा सामान फेला परेको जानकारी रहेको बताए। उनले सो विषयमा छानबिन समिति बनाउन लागेको समेत बताए। अपन दैनिकसँगको कुरामा उनले भने, 'म कमाण्डर हो, फिल्डमा फरक विषय हुन्छ, के भएको बुझ्दै छु।'

यसैबीच, तस्करीमा संलग्न रहेको आरोप लागेका व्यक्तिहरूले आफूलाई प्रहरीले पक्राउ गरेर कार्यालयमा ल्याएपछि छाडेको दाबी गरेका छन्। उनीहरूले प्रहरीलाई तस्करीबापत मासिक रकम बुझाउने गरिएको आरोपसमेत लगाएका छन्।